श्री बाँकि जिल्ला अदालत

इजलास

मानननीय जिल्ला न्यायाधीश श्री सञ्जलचन्द्र लवट

फैसला

मुद्दा नं.०७८-C४-०३३१

रजिष्ट्रेशन/कोड नं.७४-०७८-०२०४४

फैसला नि.नं. र मितिः ३३१।२०८०/०१/१३

दायर मितिः- २०७८/१०/०७

शिव शंकर प्रसाद जलानको नाती, मधुसुदन प्रसाद जलानको छोरा जिल्ला बाँकि नेपालगंज उप महानगरपालिका वडा नं.८ घसियारन टोल बस्ने बर्ष ५५ को राजेश कुमार जलान.....१ वादी

विरुद्ध

सैयद इसरारुल हक शाहको छोरा जिल्ला बाँकि नरैनापुर गाउँपालिका वडा नं. २ मियापुरवा टोल बस्ने बर्ष ५६ को ईस्तियाद अहमद शाह..................................................१ प्रतिवादी

मुद्दाः चेक अनादर।

| वादीका साक्षी | प्रतिवादीका साक्षी |
| --- | --- |
| हरेराम ओली | मोहम्मद नजिर खाँ |
| प्रमाणः- | प्रमाणः- |
| नागरिकता र चेकको प्रतिलिपि समेत | x |

अदालतबाट बुझेको

साक्षीः-

प्रमाणः- सक्कल चेक र बैङ्क स्टेटमेन्ट समेतका कागजातहरु

*न्याय प्रशासन ऐन, २०७३ को दफा ७ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४५ बमोजिम यस अदालतको क्षेत्राधिकार अन्तर्गत दायर भई पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार रहेको छ।*

तथ्य खण्ड

१ म वादी र प्रतिवादी पुर्व चिनजान परिचित ब्यक्ति भएको र प्रतिवादीले मिति २०७३/०५/०३ मा म फिरादीसँग भेट गरी रकमको आबश्यकता परेको भनी चेक मार्फत रु.५,००,०००/- र नगद रु.२९,५०,०००/- लिई छ महिनाभित्र फिर्ता गर्छु भनी रकम लिएका थिए। म वादीबाट प्रतिवादीले लिएको ऋण कर्जा वापतको रकम रु.३४,५०,०००/-(चौतिस लाख पचास हजार फिर्ता

वापत निजले आफ्नो नाममा नेपाल एस.जाई.बि.आई. बैङ्क टेकु शाखामा खोलिएको खाता नं. १९२१५४४१४०१६६५ बाट रकम रु.३४,५०,०००/- को चेक मिति २०७३/११/२८ मा दिनु भएको थियो। बिपक्षी प्रतिवादीले दिएको उक्त चेक म फिरादीको खाता रहेको ग्लोबल आई.एम.ई. बैङ्क नेपालगंज शाखामा जम्मा गरि पाउनको लागि मिति २०७४/०२/०३, २०७४/०२/२२ र मिति २०७४/०२/२४ मा बैङ्कमा पेश गरेकोमा निज प्रतिवादीको खातामा पर्याप्त रकम नभएकोले चेक भुक्तानी हुन नसकी अनादर हुन गएको थियो। यसरी प्रतिवादीले आफ्नो खातामा पर्याप्त रकम नभएको जानकारी हुँदा हुँदै चेक काटि दिई चेक अनादर गरेकोले बिनिमेय अधिकार पत्र ऐन, २०३४ को दफा १०७क. बमोजिम चेकमा उल्लेखित रकम रु.३४,५०,०००/-(चौतिस लाख पचास हजार) र सो को भरिभराउ हुँदा सम्मको ब्याज रकम प्रतिवादीवाट भराई प्रतिवादीलाई सजाय समेत गरिपाउँ भन्ने समेत ब्यहोराको वादी राजेश कुमार जलानको फिराद पत्र।

२. यी वादी र मेरो बिचमा धेरै पहिला देखी बेला मौकामा एक अर्कालाई रकम चाहिएको अबस्थामा आबश्यकता अनुसारको आर्थिक कारोवार गर्दै आएका थियौं। बिपक्षी वादीले म प्रतिवादीसँग मिति २०७३/११/२७ गते भेट हुँदा रकम सापटीको लागि माग गरेकोमा म प्रतिवादीले उक्त सापटी रकम वापत धितो वा रित पुर्वकको कागज नगरी उक्त रकम दिन सक्दिन भनी जवाफ दिएकोले रकम बरावरको चेक दिनुहोस् भन्नुभएकोले मैले खातामा पर्याप्त रकम छैन भनी जानकारी गराई उक्त चेक धितो वापत दिएको थिएँ। खातामा पर्याप्त रकम नहुँदा नहुँदै अन्य प्रयोजनका लागि भनि वादीलाई दिएको उक्त चेकलाई गलत तरिकावाट दुरुपयोग गरी प्रस्तुत मुद्दा दायर गरेबाट मैले वादीलाई कुनै रकम तिर्नि बुझाउनु पर्ने होइन भन्ने समेत ब्यहोराको प्रतिवादी इस्तियाक अहमद शाहको प्रतिउत्तर पत्र।

३. यसमा वादी दावीको सक्कल चेक वादीवाट पेश गर्न लगाउनू, वादी र प्रतिवादीका साक्षी बुझ्नु र चेक भुक्तानीको लागि बैङ्क खातामा पेश हुँदा भुक्तानी हुन नसक्नुको कारण खुलाई भुक्तान माग भएको मितिमा उक्त बैङ्क खातामा के कति रकम थियो बैङ्क स्टेटमेन्ट सहित जवाफ झिकाउनू भन्ने समेत ब्यहोराको यस अदालतको मिति २०७८/१२/२४ को आदेश।

४. उक्त आदेशानुसार वादीवाट सक्कल चेक पेश भै मिसिल सामेल रहेको।

५. प्रतिवादी इस्तियाक अहमदले वादीलाई रु.३४,५०,०००/- को चेक काटि दिएका हुन। सो चेक दिएको खातामा पर्याप्त रकम नभएका कारण भुक्तानी हुन नसकेको हो। वादीले दावी गरे बमोजिमको सावाँ ब्याज रकम पाउनुपर्ने हो। निज प्रतिवादीलाई सजाय हुनुपर्ने हो भन्ने समेत ब्यहोराको वादीका साक्षी हरिराम ओलीले यस अदालतमा गरेको बकपत्र।

६. वादीको भरोसामा परि प्रतिवादीले वादीलाई चेक दिएका हुन। वादीले प्रतिवादीसँग गरेको कबुल वापत, धितो बन्धकको लिखत नगरी दिएको हुँदा निजले उक्त चेकको दुरुपयोग गरी झुठा मुद्दा

दिएका हुन। वादी दावी बमोजिम प्रतिवादीले वादीलाई चेक बराबरको रकम दिन पर्ने होइन र चेक अनादर पनि गरेका होइनन् भन्ने समेत ब्यहोराको प्रतिवादीका साक्षी मोहम्मद नजिर खाँले यस अदालतमा गरेको बकपत्र।

७. नेपाल एस.आई.बि.आई. बैङ्क लि.मा रहेको खाता नं. १९२१५२४१४०१६६५ वाट सन् २०१७/०३/११ मा जारी भएको रु.३४,५०,०००/- को चेक नं. १०६२३७७५ राजेश कुमार जलानको नाममा यस बैङ्कमा संचालनमा रहेको खाता नं. २१०७०१००००५१८ मा मे. १७, २०१७, जुन ५, २०१७ र जुन ७, २०१७ मा पेश भएकोमा खातामा पर्याप्त मौज्दात नभएको कारणले चेक भुक्तानी हुन नसकेको हो भन्ने समेत ब्यहोराको ग्लोबल आई.एम.ई. बैङ्क लिमिटेडको पत्र प्राप्त भै मिसिल सामेल रहेको।

८. मिति २०७९/०८/२० को आदेशानुसार प्रस्तुत मुद्दा मेलमिलाप केन्द्रमा पठाईएकोमा मेलमिलाप हुन नसकेको प्रतिवेदन प्राप्त भै मिसिल सामेल रहेको।

## ठहर खण्ड

९. नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक पेसी सूचीमा चढी निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दामा वादीका तर्फवाट उपस्थित बिद्वान बरिष्ठ अधिवक्ता श्री भोला सिंह हमाल र बिद्वान अधिवक्ताहरु श्री माधब प्रसाद शर्मा र श्री तिर्थराज ज्ञवाली तथा प्रतिवादीका तर्फवाट उपस्थित बिद्वान अधिवक्ताहरु श्री प्रल्हाद बहादुर कार्की र श्री ओम प्रकाश त्रिपाठीले गर्नु भएको बहस समेत सुनि मिसिल संलग्न कागजात अध्ययन गरी हेर्दा दाबी बमोजिमको चेक अनादर भएको रकमको साँवा व्याज प्रतिवादीबाट वादीले भराई लिन पाउने हुन, होइनन्? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

१०. निर्णयतर्फ विचार गर्दा, म वादीबाट प्रतिवादीले लिएको ऋण कर्जा वापतको रकम रु.३४,५०,०००/-(चौतिस लाख पचास हजार) कर्जा वापत निजले आफ्नो नाममा नेपाल एस.आई.बि.आई. बैङ्क टेकु शाखामा खोलिएको खाता नं. १९२१५४४१४०१६६५ बाट रकम रु.३४,५०,०००/- को चेक मिति २०७३/११/२८ मा दिनु भएको थियो। उक्त चेक भुक्तानीको लागि म फिरादीको खाता रहेको ग्लोबल आई.एम.ई. बैङ्कमा तिन पटक सम्म जम्मा गर्न जाँदा प्रतिवादीको खातामा पर्याप्त रकम नभएको कारणले चेक भुक्तानी हुन नसकी अनादर भएकोले चेकमा उल्लेखित रकम रु.३४,५०,०००/-(चौतिस लाख पचास हजार) र सो को भरिभराउ हुँदा सम्मको ब्याज रकम प्रतिवादीवाट भराई प्रतिवादीलाई सजाय समेत गरिपाउँ भन्ने समेत ब्यहोराको वादी दावी भएकोमा वादीलाई मैले उक्त चेक सुरक्षण वापत दिएको हो। उक्त चेकलाई गलत तरिकावाट दुरुपयोग गरी प्रस्तुत मुद्दा दायर गरेबाट मैले वादीलाई कुनै रकम तिर्न बुझाउनु पर्ने होइन भन्ने समेत ब्यहोराको प्रतिउत्तर जिकिर रहेको पाइन्छ।

११. प्रतिवादीले वादीलाई चेक दिएको तथ्यमा स्वीकार गरी उक्त चेक सुरक्षण वापत दिएको भनी उल्लेख गरेपनि के कुन प्रयोजनको लागि दिएको भन्ने तथ्य पुर्ण रुपमा खुलाउन सकेको देखिदैन। चेक दिएको सम्बन्धमा अन्य कुनै लिखत वा कागज भएको भन्ने पनि नदेखिँदा वादीलाई प्रतिवादीले चेक रकम भुक्तानीको लागि दिएको नै मान्नुपर्ने देखिन्छ।

१२ वादीले पेश गरेको सक्कल चेक हेर्दा प्रतिवादीले वादीलाई रु.३४,५०,०००/- को चेक दिएको देखिएको र ग्लोबल आई.एम.ई.बैङ्क लिमिटेडको पत्र हेर्दा प्रतिवादीको खातामा प्रयाप्त मौज्दात नभएको कारणले चेक भुक्तानी हुन नसकेको भन्ने समेत ब्यहोरा उल्लेख भएको देखिदा यी प्रतिवादीले आफ्नो खातामा पर्याप्त रकम नभएको भन्ने थाहा जानकारी हुँदा हुँदै वादीलाई चेक काटिदिई उक्त चेक भुक्तानी हुन नसकेकोले चेक अनादर भएको देखिन आयो।

१३. विनिमय अधिकार पत्र ऐन, २०३४ को दफा १०७क मा *"बैंकमा आफ्नो निक्षेप छैन वा निक्षेप भए पनि पर्याप्त छैन भन्ने जानी जानी कुनै व्यक्तिले चेक काटी कसैलाई हस्तान्तरण गरेमा वा त्यसरी हस्तान्तरण गरिएको चेक भुक्तानीको लागि सम्बन्धित बैंक समक्ष प्रस्तुत गर्दा पर्याप्त निक्षेप नभएको कारणबाट बैंकबाट चेक अनादर भएमा चेक काट्ने व्यक्तिबाट चेकमा उल्लिखित रकम र ब्याजसमेत धारकलाई भराई चेक काट्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयासम्म जरिवाना वा दुवै सजाय हुनेछ"* भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। यसरी प्रतिवादीले दिएको चेक पर्याप्त रकमको अभावमा सटही हुन नसकी अनादर हुन गएको देखिएबाट चेकमा उल्लखित रकम र ब्याजसमेत वादीले प्रतिवादीवाट उल्लिखित कानूनी व्यवस्थाका आधारमा भरी पाउने नै देखिन आयो।

१४. अतः माथि विबेचित आधार र प्रमाणहरु समेतवाट प्रतिवादीले आफ्नो खातामा पर्याप्त रकम नभएको भन्ने थाहा जानकारी पाउदा पाउदै वादीलाई तिर्न बुझाउनु पर्ने कर्जा लेनदेन वापतको चेक रकम रु.३४,५०,०००/-(चौतिस लाख पचास हजार) को चेक थान-१ सम्बन्धित बैङ्कवाट पर्याप्त रकम नभएको कारणले चेक भुक्तानी हुन नसकी चेक अनादर भएको देखिँदा वादीले प्रतिवादीवाट बिनिमेय अधिकार पत्र ऐन,२०३४ को १०७क बमोजिम सावाँ रु.३४,५०,०००/-(चौतिस लाख पचास हजार) र सो रकम भरि भराउ हुँदासम्मको नियमानुसारको ब्याज समेत दिलाई भराई पाउने ठहर्छ। साथै सोही ऐनको दफा १०७क बमोजिम प्रतिवादी इस्तियाक अहमद शाहलाई रु.२,०००/-(दुई हजार) जरिवाना समेत हुने ठहर्छ। सो ठहर्नाले अरुमा तपसिल बमोजिम गर्ने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ बमोजिम फैसला गरी दिएको छ।

## तपसिल

१ माथि ठहर खण्डमा लेखिए बमोजिम वादी राजेश कुमार जलानले प्रतिवादी इस्तियाक अहमद शाहवाट चेकमा उल्लेखित रकम सावाँ रु.३४,५०,०००/-(चौतिस लाख पचास हजार) र सो को

चेक अनादर भएको पहिलो मिति २०७४/०२/०३ देखि बिगो भरिभराउ हुँदाको मिति सम्मको कानून बमोजिमको ब्याज समेत भराई लिन पाउने ठहरी फैसला भएकोले लाग्ने दस्तुर लिइ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६५ बमोजिम भराई दिनु भनी तहसिल शाखामा जानकारी दिनु.........................................................................................................१

२. वादी र प्रतिवादी तारिखमा रुजु हाजिर रहेकोले फैसला कार्यान्वयन गर्ने प्रयोजनका लागि वादी र प्रतिवादी लाई तहसिल शाखामा हाजिर हुन जानु भनी तारिख तोकी पठाउनू...............................१

३. यस अदालतको प्रस्तुत फैसलामा चित्त नबुझे मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १३४ बमोजिम ३० दिन भित्र उच्च अदालत तुलसीपुर नेपालगंज इजलासमा पुनरावेदन गर्नू भनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनू.............................................................................१

४ प्रतिवादी इस्तियाक अहमद शाहलाई रु.२,०००/-(दुई हजार) जरिवाना हुने ठहरी फैसला भएकोले सो को लगत कसि असुल उपर गर्नु भनी तहसिल शाखामा लगत दिनू.....................................१

५. मुलुकी फौजदारी कार्यबिधि संहिता, २०७४ को दफा १३१(१०) बमोजिम फैसला प्रमाणीकरण भएको विवरण तयार गरी अदालतको सुचना पाटीमा टाँसगरी वेवसाईटमा समेत प्रकाशित गर्नू.....१

६. सरोकारवालाले नक्कल मागे नियमानुसार नक्कल दिनू.........................................................१

७. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी प्रस्तुत फैसला बिद्युतीय प्रणालीमा अपलोड गरी मिसिल अभिलेख शाखामा बुझाईदिनू.........................................................................................१

२०८०।०१।१३।४
सनतचन्द्र लवट
जिल्ला न्यायाधीश

फैसला तयार गर्न सहयोग पुऱ्याउने कर्मचारी
टाईप गर्ने ना.सु.सन्दीप सापकोटा
मुद्दा फाँट ६
मुद्दा फैसला मितिः २०८०/०१/१३/४
फैसला प्रमाणीकरण मितिः २०८०/०४/३१/४